संघीय संसद
# राष्ट्रिय सभा
पाँचौं अधिवेशन
बैठक - ६
## सूचना पत्र - २
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ पुस १७ गते बिहीबार**

संघीय संसद, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **छैठौं बैठक** सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले यस बैठकमा **शून्य समय**को कार्यक्रम नरहने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री **लेखराज भट्ट**ले समसामयिक विषयमा बोल्नको लागि समय माग गर्नुभएको जानकारी गराउनु हुँदै उहाँलाई बोल्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले दिनुभएको वक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोध्न चाहने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. रमेशप्रसाद यादव | २. मा. बलराम प्रसाद बाँस्कोटा | ३. मा. प्रकाश पन्थ |
| ४. मा. रामपृत पासवान | ५. मा. विमला राई पौड्याल | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय खिमलाल भट्टराई** प्रस्तावक र **माननीय सरिता प्रसाईं** समर्थक भई "नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका क्षेत्रको सीमा विवाद सम्बन्धी विषयमा" संकल्प प्रस्ताव दर्ता गर्नुभएको व्यहोरा जानकारी गराउनु हुँदै संकल्प प्रस्तावका प्रस्तावक माननीय खिमलाल भट्टराईलाई सो प्रस्ताव सभा समक्ष पेश गर्न समय दिनुभयो ।

लगत्तै, सम्माननीय अध्यक्षले संकल्प प्रस्तावका समर्थक माननीय सरिता प्रसाईलाई उक्त प्रस्तावको सर्मथन गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संकल्प प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो :

| | | |
|---|---|---|
| १. मा. शेरबहादुर कुँवर | २. मा. राधेश्याम अधिकारी | ३. मा. ठगेन्द्र प्रकाश पुरी |
| ४. मा. वृषेशचन्द्र लाल | ५. मा. प्रमिला कुमारी | ६. मा. जीवन बुढा |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री **प्रदिपकुमार ज्ञवाली**लाई उक्त संकल्प प्रस्तावको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै संकल्प प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खिमलाल भट्टराई प्रस्तावक र माननीय सरिता प्रसाईं समर्थक भई दर्ता गर्नुभएको संकल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट संशोधनको सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनु हुँदै उक्त संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले सभाबाट स्वीकृत संकल्प प्रस्ताव राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ८७ बमोजिम कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन गरेको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री **राम बहादुर थापा**लाई “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि माथि सामान्य छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापाले पेश गर्नु भएको “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धिमाथि सामान्य छलफल गरियोस्” भन्ने प्रस्ताव माथि अभिसन्धिको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो :

१. मा. रामनारायण विडारी
२. मा. प्रकाश पन्थ
३. वृषेशचन्द्र लाल
४. मा. प्रमिला कुमारी
५. मा. जितेन्द्रनारायण देव

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धिमाथि सामान्य छलफल गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुहुँदै “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धिमाथि आरक्षण (रिजर्भेसन) उपर संशोधन राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १९७ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल पुस २४ गते बिहीबार दिनको १:०० बजे** बस्ने गरी अपराह्न **३:१० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव